# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

# (Disaster Preparedness and Response Plan)

२०७३ (2016 A.D.)

रसुवा




प्रकाशक :

जिल्ला दैवी प्रकोप उद्धार समिति

रसुवा, धुन्चे

# रसुवा जिल्लामा देखिएका/घटेका जोखिमहरुको झलक



पहिरो



आगलागी



भुकम्पले जमिन चिरा परेको



सवारी दुर्घटना



हावाहुरी

## रसुवा जिल्लाको

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७३

## रसुवा

## (Disaster Preparedness and Response Plan-DPRP, 2016)



**प्रकाशक**

**जिल्ला दैवी प्रकोप उद्धार समिति रसुवा**

फोन नं. :०१० -५४०१३१

**विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७३, रसुवा**

**प्रकाशन मिति :** २०७३
**जिल्ला अगुवा सहयोगी संस्था :** नेपाल रेडक्रस सोसाईटी, रसुवा
**प्राविधिक तथा प्रकाशन सहयोगी संस्था**
: सवल परियोजना,रसुवा र जर्मनी सहयो (GIZ),रसुवा
**मस्यौंदा समितिः**

- संयोजक : लिला नाथ नेपाल (जि.वि.स.,रसुवा)
- सदस्य : उद्धव राज अवस्थी (नेपाल रेडक्रस सोसाईटी,रसुवा)
- सदस्य : कृष्ण प्रसाद निरौला (जि.आई.जेड.,रसुवा)
- सदस्य : हेमन्त राज जोशी (सवल परियोजना,रसुवा)


**सर्वाधिकार :** जिल्ला दैवि प्रकोप उद्धार समिति, रसुवा

**प्रकाशन प्रति :** २०० (दुई सय थान)
**सेटिङः** गोसाईंकुण्ड स्टेशनरी एण्ड सप्लायर्स, धुन्चे, रसुवा
**मुद्रणः** थ्रि स्टार प्रिन्टिङ प्रेस, वागबजार काठ्माण्डौं ।

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

रसुवा, धुन्चे



प.सं.:- ०७३/०७४

च.नं.:-

## कृतज्ञता ज्ञापन

हाम्रो देश प्राकृतिक, जैविक एवं सांस्कृतिक र भाषिक बिविधताले युक्त कठिन भौगोलिक बनावट भएको देश हो र जलाधरयुक्त अवस्थाको विद्यमानता हाम्रो मौलीक स्वरुप हो । हिमाली जिल्लाको रुपमा रहेको रसुवापनि वर्षेनी पहिरो, आगलागी, हिमपात हिमपहिरो, असिना, हावाहुरी जस्ता दैवी प्रोकपवाट प्रभावीत हुदै आएको छ । यसै सन्दर्भमा २०७२ सालको विनाशकारी भुकम्प वाट पनि ठुलो धनजन र भौतिक सम्पतिहरुको क्षति हुन पुगेको छ ।

विपद् जोखिम व्यवस्थापन एक वहुआयामिक क्षेत्रहरुको समान भूमिका पश्चात विपद् तथा यसको प्रभावको न्यूनिकरण गर्ने प्रक्रिया हो । नेपाल सरकारको महत्वपूर्ण कार्यका रुपमा रहेको विपद् न्युनीकरण एवं व्यवस्थापनका लागी विशेष ऐन, नियम, निर्देशीका एवं कार्यविधिहरु तर्जुमा भई संस्थागत व्यवस्था गरिएको छ । विपद पूर्व र पछिको व्यवस्थापन एवं प्रतिकार्य योजनामा वैकल्पिक व्यवस्थापनको सोचको कमिले हामी धेरैले क्षति भोगेको विगतका ज्वलन्त दृष्टान्तहरुको हामी माझ कहाली लाग्दो स्मरणहरु छँदैछन् ।

विपद् व्यवस्थापनको सही र प्रभावकारी अवधारणा अनुरुपको कार्ययोजना कार्यान्वयनले कतिपय अवस्थामा हामी जोखिमको रोकथाम तथा नियन्त्रण गर्न सक्षम हुन्छौं त कतिपय अवस्था यस्ता प्राकृतिक विपद हाम्रो मानवीय नियन्त्रणका प्रयास भन्दा फरक र अनियन्त्रित वन्न सक्छ । तर पनि दैवी प्रकोप पूर्वतयारी र प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयन गरी क्षतिलाई न्यूनीकरण एवं व्यवस्थापन गर्न सरोकारवाला निकायहरुको एकीकृत प्रयास र स्रोत साधनको परिचालन गरेर धनजनको क्षति हुन नदिनु हाम्रो यथार्त परम कर्तव्य र दायित्व हो ।

रसुवा जिल्लामा हुन सक्ने सम्भावित विपद हरुको सामान्यीकरण, न्यूनिकरण एवं व्यवस्थापनमा जिल्लाको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७३ सक्षम हुनेछ भन्ने आसा राख्दै यस योजनाको निर्माणमा सघाउ पुर्याउने सरोकारवाला सम्बध्द निकाय एवं संघ संस्था लगाएत सवैप्रति कृतज्ञता प्रकट गर्दछु । यस योजनालाई मूर्त रुप दिन अहोरात्र खटिनु भएका सहायक प्रमुख जिल्ला अधिकारी श्री दीपक के.सी., जिल्ला दैवी प्रकोप उद्धार समितिका सहयोग अधिकृत श्री कृष्ण प्रसाद निरौला एवं सवल परियोजनाका प्रतिनिधि श्री हेमन्त राज जोशीप्रति विशेष आभार व्यक्त गर्न चाहान्छु ।

अन्त्यमा, यस **"रसुवा जिल्लाको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७३"** लाई कार्यान्वयन तहमा खरो उतारी धनजनको क्षति हुन नदिन र यसको प्रभावकारी कार्यान्वयनमा सम्बद्ध सबै सरकारी निकाय, गैर सरकारी संघ संस्था, विकास साझेदारहरु, राजनीतिक दल तथा अन्य सम्बद्ध सरोकार वालाहरुको प्रतिवद्धतापुर्ण ध्यान जानेछ भन्ने विश्वास लिएको छु ।

( कृष्णप्रसाद अधिकारी )

प्रमुख जिल्ला अधिकारी तथा

अध्यक्ष, जिल्ला दैवी प्रकोप उद्धार समिति

नेपाल सरकार
संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय

# जिल्ला विकास समितिको कार्यालय

रसुवा, धुन्चे



## **शुभ कामना**

नेपालको उत्तरी हिमाली जिल्ला अन्तरगत रसुवा जिल्लामा प्रकोपजन्य विपद्का कारण बर्षेनी जनधनको क्षति हुने गरेको छ । जिल्लामा खासगरी पहिरो, आगलागी, हावाहुरी प्रमुख प्रकोप हुन भने हिमपात तथा हिम पहिरो, सुख्खा खडेरी, चट्याङका प्रकोपजन्य कुराहरुका साथै सवारी दुर्घटना सहायक प्रकोपको रुपमा देखा पर्दै आएको छ ।

विपद पूर्व तयारी तथा प्रतिकार्य योजनाले विपद पूर्व, विपदको समयमा र विपद पश्चातको विभिन्न क्रियाकलापहरुमा संलग्न हुने निकाय र अधिकारीहरुको जिम्मेवारी, दायित्व र भूमिका स्पष्ट गरी समग्र विपद व्यवस्थापन कार्यलाई समन्वयात्मक एवं प्रभावकारी तवरले कार्यान्वयन गर्न मार्ग प्रशस्त गर्दछ । जिल्लाको विपद पूर्वतयारी, प्रतिकार्य तथा व्यवस्थापनलाई विकास प्रकृयामा मुल प्रवाहीकरण गर्नका लागी जिल्ला स्थित विकास साझेदार संघ संस्था तथा परियोजनागत क्रियाकलापहरुलाई एकिकृत गर्दै दिगो विकासका लागी विपद व्यवस्थापन र वातावरणमैत्री स्थानीय शासनको प्रारुपलाई कार्यन्वयन गर्न सके जिल्लाको विकासलाई अधिक रुपमा सार्थक तुल्याउन सकिन्छ ।

अन्तमा यस जिल्लाको जिल्लास्तरीय विपद पूर्व तयारी तथा प्रतिकार्य योजनालाई अद्यावधिक गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुर्‍याउने सम्बन्धित निकाय, राजनैतिक दल, गैर सरकारी संघ संस्था, नागरिक समाज सबैलाई धन्यवाद दिन चाहन्छु । साथै यो योजना निर्माणका लागी लगातार प्राविधिक सहयोग गर्ने सबल परियोजना रसुवा, जर्मनी जि.आई. जेड.रसुवा तथा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा रसुवालाई धन्यवाद दिदै यस योजनालाई जिम्मेवारीका साथ कार्यान्वयन गर्न गराउन सम्पूर्ण सरोकारवाला तथा विकास साझेदारहरुमा हार्दिक अनुरोध गर्दै जिल्ला विकास समितिले यस योजना कार्यान्वयका लागि सहजिकरण गर्ने गराउने प्रतिबद्धताका साथ यस योजनाको पूर्ण सफलताको कामना समेत गर्दछु ।

राजेन्द्र देव पाण्डे
स्थानीय विकास अधिकारी तथा
सदस्य सचिव,
जिल्ला दैवी प्रकोप उद्धार समिति

# Nepal Red Cross Society
Rasuwa District chapter

Ref. No.

## शुभकामना

कुनै पनि विपद् अकस्मात हुने घटना वा दुर्घटनाहरु हुन् । यसलाई रोक्नु मानव क्षमता भन्दा बाहिरको भएता पनि पूर्वतयारी प्रभावकारी रुपमा गर्न सकेको अवस्थामा प्रकोपको असर तथा क्षतिलाई न्यून गर्न सकिने तथ्य विभिन्न अध्ययन तथा हामीले गरिरहेको आफ्नै प्रयास र अभ्यासहरुबाट समेत सत्य भैसकेको छ । भौगोलिक कारणले रसुवा जिल्ला विकट र दुर्गम हुनुका साथै प्रकोपको दृष्टिकोणले पनि संवेदनशील अवस्थामा छ । यस जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले जिल्लामा हुनसक्ने सम्भाव्य प्रकोपका लागि पूर्वतयारीका गतिविधिहरु संचालनमा र विपदको समयमा उद्धार तथा राहत कार्यलाई सम्पादन गर्न मार्ग निर्देशन गर्नुका साथै सबै सरोकारवाला र आम मानिससँग प्रत्यक्ष सरोकार राख्ने संघसंस्थाहरु बीच कार्यगत एकरुपता ल्याउन सहयोग गर्नेछ भन्ने आशा लिएको छु ।

यो योजना प्रकोप न्यूनिकरण तथा विपद् व्यवस्थापन क्षेत्रमा विगतका हाम्रा योजनाबद्ध अभ्यासहरुको परिमर्जित स्वरुप भएकोले यस योजनाले प्रकोपको क्षेत्रमा देखा पर्नसक्ने थप जटिलताहरुलाई समेत सम्बोधन गर्दै विपद् व्यवस्थापनको कार्यलाई अझै प्रभावकारी, जिम्मेवारीपूर्ण र जवाफदेही बनाउनेछ र प्रकोप न्यूनिकरण तथा प्रतिकार्यका लागि जिल्लाकै महत्वपूर्ण दस्तावेजको रुपमा स्थापित हुने विश्वास समेत लिएको छु ।

यसरी विपद पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण तथा पुनरावलोकनमा सहयोग पुर्‍याउनु हुने जिल्ला दैवी प्रकोप उद्धार समिति, जिल्ला विकास समिति, नेपाल रेडक्रस सोसाइटी, सवल परियोजना लगायत जिल्लामा कार्यरत संघसंस्थाहरु र योजना निर्माण कार्यदल लगायत सबैमा नेपाल रेडक्रस सोसाइटीको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

यो योजना सबैका लागि उपयोगी र प्रेरणदायी स्रोत बन्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

नेपाल रेडक्रस सोसाइटी रसुवा जिल्ला शाखा स्थापना: २०३३

बाबुलाल तामाङ
सभापति

## शब्द संक्षेपः

DAO : District Administrative Office

DDC : District Development Committee

DDRC: District Disaster Relief Committee

DEOC: District Emergency Operation Centre

DLSA: District Lead Support Agency

DPRP : Disaster Preparedness and Response Plan

DRR : Disaster Risk Reduction

EWS : Early Warning System

IRA : Initial Rapid Assessment

LAPA: Local adaption plan for action

LDRMP : Local Disaster Risk Management Plan

MIRA : Multi Cluster Initial Rapid Assessment

NDRF : National Disaster Response Framework

NEOC: National Emergency Operation Center

NRCS: Nepal Red Cross Society

NSDRM :National Strategy for Disaster Risk Management

PDNA : Post Disaster Need Assessment

जि.प्र.का. : जिल्ला प्रशासन कार्यालय

जि.वि.स. : जिल्ला विकास समिति

गा.वि.स.: गाउँ विकास समिति

प्र.जि.अ.: प्रमुख जिल्ला अधिकारी

स्था.वि.अ. : स्थानीय विकास अधिकारी

से.ना.नि.: सेना नायब निरीक्षक

प्र.ना.उ. : प्रहरी नायव उपरिक्षक

# विषय - सूची


| सि.नं. | विवरण | पेज नं. |
|---|---|---|
| १ | जिल्लाको संक्षिप्त परिचय | १ |
| २ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको परिचय | ३ |
| ३ | विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाका उदेश्यहरु | ३ |
| ४ | योजना तर्जुमा विधि | ४ |
| ५ | विपद्पूर्व तयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा | ७ |
| ६ | जिल्ला विपद व्यवस्थापन समितिको बैठक | ८ |
| ७ | क्षेत्रगत सहयोगी संस्थाहरुको पहिलो बैठक | ८ |
| ८ | रसुवा जिल्लाको प्रमुख जोखिमहरु | ८ |
| ९ | प्रकोप जोखिम स्तरीकरण | ९ |
| ९.१ | समग्र गाविसहरुको जोखिमता सुचकाङ्क | ९ |
| ९.२ | रसुवा जिल्लाको पहिरो जोखिम स्तरिकरण | १० |
| ९.३ | रसुवा जिल्लाको भुकम्पको क्षती विश्लेषण, २०७२ | १० |
| १० | क्षेत्रगत पूर्व तयारी तथा प्रतिकार्य सम्बन्धी योजना | १३ |
| १०.१ | सूचना सञ्चार तथा समन्वय | १३ |
| १०.२ | खोज, तलास र उद्दार | १८ |
| १०.३ | आश्रय स्थल तथा गैह्रखाद्य | २१ |
| १०.४ | खाद्य समूह | २५ |
| १०.५ | खानेपानी तथा सरसफाई | २८ |
| १०.६ | स्वास्थ्य तथा पोषण | ३० |
| १०.७ | शिक्षा क्षेत्र | ३५ |
| १०.८ | संरक्षण क्षेत्र | ४५ |
| १०.९ | पुनर्निर्माण तथा पुनःस्थापना | ५२ |
| ११ | अनुसूचीहरु | ५५ |
| ११.१ | उद्धारका सामाग्री तथा जनशक्तिको विवरण | ५५ |
| ११.२ | रसुवा जिल्लामा संचालित एम्बुलेन्स् सेवाको सम्पर्क नम्बर तथा विवरण | ५५ |
| ११.३ | राजनितिक दल एवं संघ संगठनको सम्पर्क नम्बरहरु | ५६ |

# जिल्लाको सङ्क्षिप्त परिचय

## १. भौगोलिक अवस्थिति

नेपालको मध्यमाञ्चल विकास क्षेत्रको हिमाली भागमा अवस्थित रसुवा जिल्ला मुख्य हिमाली श्रृंखला र दक्षिणको पहाडी उपत्यका विच त्रिसुली नदीको खोंच, वेंसी र अग्ला पहाडहरुमा फैलिएर रहेको छ । रसुवा जिल्ला विश्व मानचित्रमा २८°0' देखि २८°१५' उत्तरी अक्षांश तथा ८५°१५' देखि ८५°५०' पूर्वी देशान्तरभित्र अवस्थित यस जिल्लाको कुल क्षेत्रफल १५०१.२२ वर्ग कि.मी. (स्रोतः जि.आई.यस. नक्शांकन, २०७२) रहेको छ । यस जिल्लाको उत्तरतर्फ चीनको स्वशासित क्षेत्र तिब्बत र पूर्वतर्फ सिन्धुपाल्चोक जिल्लाले घेरिएको छ भने पश्चिमतर्फ धादिङ र दक्षिणमा नुवाकोट जिल्ला पर्दछन् । आकारका हिसाबले उत्तरमा फुकेको तथा दक्षिणमा केही साँघुरिएको यो जिल्ला क्षेत्रफलका हिसावले नेपालका ७५ जिल्लाहरु मध्ये ४४ औं स्थानमा रहेको छ ।

## १.२ ऐतिहासिक पृष्ठभूमि

रसुवा जिल्लाको नामाकरण स्थानीय भाषाको रसोवा बाट भएको बुझिन्छ । "र" को अर्थ भेडाच्याङ्ग्रा र "सोवा" को अर्थ चराउने वा राख्ने ठाऊँ भन्ने हुन्छ । प्रशस्त चरण क्षेत्र भएको तथा भेडा च्याङ्ग्राको लागि उपयूक्त वासस्थान भएकोले रसोवा भन्ने क्रममा पछि अपभ्रंस भई रसुवा भनिन थालिएको किंवदन्ती छ । ऐतिहाँसिक कालमा रसुवा जिल्लाको भूभाग नुवाकोट राज्य अन्तर्गत पर्दथ्यो । तिब्बतसँगको सिमाना जोडिएको र त्रिसुली किनार हुँदै खुकुलो ब्यापारीक मार्ग समेत रहेकोले केरुङ रसुवा हुँदै नेपाल र तिब्बत विचको ब्यापार समेत हुने गर्दथ्यो । वि.सं. २०३३ साल देखि रसुवा छुट्टै जिल्लाको रुपमा जनताहरुलाई विकास र सेवा प्रवाह गरिरहेको छ ।

## १.३ भू–क्षेत्र, भूक्षय, भूउपयोग तथा जलभण्डार

### १.३.१ भू क्षेत्र

| क्र.स. | भूभागको प्रकार | औसत उचाई | क्षेत्रफल (वर्ग किमी) | |
|---|---|---|---|---|
| १ | हिमाली भूभाग | ५००० मि. माथि | ५३८ | ३४.८ |
| २ | अल्पाइन क्षेत्र | ३००० – ५००० मि. | ४९१ | ३१.८ |
| ३ | लेकाली भूभाग | २००० – ३००० मि. | ३२१ | २०.८ |
| ४ | पहाडी तथा वेंसी क्षेत्र | ४०० – २००० मि. | १९४ | १२.६ |

स्रोतः जिल्ला पार्श्वचित्र, रसुवा, २०७१ तथा फरेष्ट एण्ड ल्याण्डस्केप डेभुलपमेन्ट सेरिज २ः २००५

जिल्लाको सवभन्दा अग्लो स्थान ७२४५ मि उचाईको लाङटाङ हिमालको लिरुङ पिक हो भने सवभन्दा होचो स्थान ४५७ मि. को वेत्रावती हो । जिल्ला सदरमुकाम धुन्चे बजार १९५० मिटरको उचाईमा रहेको छ ।

### १.३.२ भूक्षय सम्भावित क्षेत्र

यस जिल्लाको सबै भूभाग हिमाल, लेक र पहाडी भूभागले ढाकेको हुँदा अधिकांश जमिन भिरालो रहेको छ । भूसंरक्षण र बनोट जटिल र कमजोर भएको कारण यस जिल्लाको धेरै भाग पहिरोको लागि संवेदनशील देखिन्छ । अधिकांश क्षेत्र पहाडी भएकोले जमिनको माथिल्लो सतहको मलिलो माटो बगेर तल्लो क्षेत्रतिर जाने गर्दछ । यसबाट वर्षेनी जग्गाको उर्वराशक्तिमा ह्रास हुदै गईरहेको र घर परिवार विस्थापीत भईरहेको अवस्था देखिन्छ ।

## १.४ जलवायु

मनसुनी हावापानी भएको यस जिल्लामा यहाँको हावापानी १,९०० मिटर भन्दा माथिको उचाईमा धेरै चिसो पाईन्छ। विषम धरातलिय स्वरूपको कारण हावापानीमा पनि विषमता हुनु स्वाभाविक कै मानिन्छ। ५,००० मिटर भन्दा माथिको हिमाली भेगमा ज्यादै चिसो हावापानी, लेकाली प्रदेशमा ज्यादै चिसो र गर्मी याममा केहि उष्ण हुने गर्दछ। वेसी भू-भागमा प्रायः उष्ण हावापानी हुने भएकोले हावापानीको एकीन अवस्था पहिल्याउन कठिन छ। मनसुनी वर्षा र लेकाली हिमाली वर्षा हुने भएकोले करिव जेष्ठ महिना देखि आश्विन महिनासम्म प्रसस्त वर्षा हुने, मौसम प्रायः वदली रहने गर्दछ। यहाँ गर्मियाममा औषत अधिकतम तापक्रम लगभग २४ डिग्री सेल्सियससम्म र हिउँदमा औषत न्यूनतम तापक्रम लगभग ४ डिग्रीसेल्सियससम्म पुग्ने गर्दछ। असार र साउन महिनामा तापक्रम अधिकतम विन्दुमा पुग्दछ भने मंसिरदेखि माघ महिनासम्म निकै तल झर्दछ। बर्षायाममा अधिकतम ६९१.७ मिलिमिटरसम्म बर्षा हुन्छ भने हिउँदका महिनाहरुमा यसको मात्रा नगन्य रहन्छ। आश्विन, कार्त्तिक, फाल्गुण, चैत्र र वैशाख महिनामा मौसम निकै राम्रो र सफा हुने गर्दछ। कार्वनमोनोक्साइड लगायत ग्रिनहाउस ग्यासहरुको बढ्दो उत्सर्गनको कारण विश्व तापमानमा बृद्धि भएको छ र यसबाट विशेष गरी विकासोन्मुख तथा अल्पविकसिक देशका ग्रामीण जनताको जनजीविका, श्रोत र साधनमा नकारात्मक प्रभाव परिरहेको छ। समयमा वर्षा नहुनु, हिउ नपर्नु, लामो समय खडेरी हुनु, अतिबृष्टि, खण्डबृष्टि तथा अनावृष्टि हुनु, गर्मी तथा जाडोमा बृद्धि हुनु, तापक्रम बढ्नु, वनस्पतिको जीवनचक्रमा बदलाव देखिनु, कृषि तथा वनबालीमा रोगकिराको प्रकोपमा बृद्धि हुनु जस्ता जलवायु परिवर्तनका लक्षणहरु रसुवा जिल्लामा पनि देखिन थालेको छ। यसका साथै हिउँ पग्लने क्रममा बृद्धि, हिमताल फुट्ने, बाढीपहिरो जस्ता समस्यामा बृद्धि भैरहेको छ। फलस्वरुप विपद र यसबाट हुने मानवीय तथा भौतिक क्षतिमा बृद्धि देखिएको छ।

## १.५ प्रमुख पर्यटकीय, ऐतिहासिक तथा अन्य स्थानहरु

यो जिल्ला प्राकृतीक रुपमा अति नै सुन्दर रहेको छ। यस जिल्लामा धेरै मात्रामा पर्यटकीय क्षेत्रहरु रहेका छन्। तीमध्ये केही ऐतिहासिक, धार्मिक एवं सांस्कृतिक महत्वका पर्यटकीय क्षेत्र छन् भने केही ऐतिहासिक एवं अन्य पर्यटकीय क्षेत्रहरु रहेका छन्। जो निम्नानुसार रहेका छन् :

(क) साञ्जेन हिमाल (ख) लाङटाङ हिमाल/ क्यान्जिन उपत्यका ग) गणेश हिमाल
(घ) गोसाइकुण्ड (ङ) सूर्यकुण्ड (च) पार्वती कुण्ड (छ) भैरव कुण्ड
(ज)सरस्वतीकुण्ड (झ) गणेश कुण्ड (ञ) दुध कुण्ड (ट) रसुवागडी/गुप्तेश्वरमहादेव
(ठ) तातोपानी (ड) उत्तरगया (ढ) चन्दनवारी (ण) लौरीविनायक
(त) कालिकास्थान मन्दिर (थ) तामाङ सम्पदा मार्ग

### १.५.१ प्रमुख नदीहरु

मुख्य नदीको रुपमा भोटेकोशी र त्रिशूली रहेका छन् भने साहायक नदीको रुपमा चिलिमे खोला, लाङटाङ्ग खोला, मैलुङ्ग खोला, फलाखु खोला आदि प्रमुख हुन।

### १.५.२ प्रमुख ताल/पोखरी

यस जिल्लाका प्रमुख तालहरु गोसाईकुण्ड, सूर्यकुण्ड, पार्वतीकुण्ड, भैरवकुण्ड, सरस्वतीकुण्ड, गणेशकुण्ड, दुधकुण्ड आदि हुन यीनलाई मुख्य धार्मिक स्थलको रुपमा पनि लिईन्छ।

### १.५.४ प्रमुख व्यापारिक महत्वका ठाउँहरु

यस जिल्लाका प्रमुख व्यापारिक स्थलहरुमा बेत्रावती, कालिकास्थान, धुन्चे, स्याफ्रुबेंसी, टिमुरे तथा शान्तिबजार प्रमुख वजारीकरण भएका वस्तीहरु हुन्।

## १.६ जनसाङ्ख्यिक विवरण

विगत दश वर्षमा रसुवा जिल्लाको जनसङ्ख्या ४४,७३१ बाट घटेर ४३,३०० पुगेको छ । सोही अवधिमा रसुवाको जनसङ्ख्या वृद्धिदरमा उल्लेख्य गिरावट आएको देखिन्छ । विसं २०५८ मा २.१७ % रहेको वृद्धिदर घटेर वर्तमानमा -३.२० % मा सिमित भएको पाइएको छ । जबकि समग्र नेपालको जनसंख्या वृद्धिदर १.३५% रहेको छ । जुन २०५८ मा २.२५% रहेको थियो । रसुवामा कुल जनसङ्ख्यामा पुरुस महिलाको हिस्सा बराबरीनै देखिन्छ भने अघिल्लो जनगणनाको तुलनामा परिवारको आकार घटेको पाइएको छ । जनसङ्ख्या सम्बन्धी मुख्य नतिजालाई तलको तालिकामा देखाइएको छ ।

### १.६.१ जनसङ्ख्या विवरण:

| विवरण | जम्मा परिवार | जम्मा जनसंख्या | पुरुष | महिला | वार्षिक वृद्धिदर |
|---|---|---|---|---|---|
| २०५८ | | ४४७३१ | २३३५५ | २१३७६ | २.१७ % |
| २०६८ | ९७७८ | ४३३०० | २१४७५ | २१८२५ | -३.२० % |
| **०६८ नेपाल** | ५,४२,७३०२ | २,६४,९४,५०४ | १,२८,४९,०४१ | १,३६,४५,४६३ | १.३५% |

*स्रोत: राष्ट्रिय जनगणना २०५८ र २०६८,केन्द्रीय तथ्यांक बिभाग*

## २. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको परिचय

नेपाल वहु प्रकोप जोखिमयुक्त देशहरु मध्य उच्च जोखिममा रहेको देश हो । नेपालको भौगोलिक वनावट र यसवाट सिर्जित परिणाम जो प्रकोपका दृष्टिले अति संवेदनसिल तथा जोखिमयुक्त अवस्थमा रहेको छ । विभिन्न तथ्याङ्कहरुमा उल्लेख भए अनुसार नेपाल सम्पुर्ण जोखिमको हिसावले २० औं स्थानमा छ । भूकम्पको हिसावले विश्वमा ११ औं, बाढीको हिसावले ३० औं र जलवायु परिवर्तनको हिसावले एशिया स्तरमा छैठौं जोखिमपूर्ण देशका रुपमा रहेको छ । नेपालका २३१५ वटा हिमतालमध्ये २२ वटा फुटने अवस्थामा छ । प्रत्येक वर्ष प्रकोपका ४२० वटा घटना घटेको पाइन्छ । प्रत्येक वर्ष १००० मानिसहरु मारिन्छन । ८० जना वेपत्ता हुन्छन् ९३५० घरधुरी र १३३०००० जनसंख्या प्रभावित, १६००० घर परिवार विस्थापित, १ अरव भन्दा बढी आर्थिक क्षति हुन्छ । नेपालमा भर्खर मात्र २०७२ बैशाष १२ गते गएको विनासकारी भूकम्पका कारण १४ वटा जिल्लाहरु अति प्रभावित भएको छ । भूकम्पका कारण ८०२० जनाको ज्यान गएको छ भने १६०३३ जना घाईते भएका छन् । त्यस्तै गरेर ३७५ जना मानिसहरु हराएको नेपाल सरकार गृह मन्त्रालयको प्रतिवेदनमा उल्लेख भएको छ । रसुवा जिल्लामा विपद्संग सम्वन्धित व्यवस्थित प्रकारको तथ्याङ्क राख्ने प्रणाली स्थापना नभएतापनि रसुवा जिल्ला प्रकोपको हिसावले संवेदनसिल जिल्लाको रुपमा पहिचान भएको छ । विपद जोखिमको नक्सांकनमा रसुवा जिल्ला पहिरो, बाढी, आगालागी तथा महामारीमा जोखिममा पर्दछ । रसुवा जिल्लामा हुने विपदका घटनाहरु मध्ये पहिरो प्रमुख रहेको छ । अधिकांश भिरालो जमिन, बलौटे माटो, वन जंगलको विनास, अत्यन्तै भिरालो पहाड पर्वत, खोरिया फडानी, अवैज्ञानिक भू-उपयोग र कमजोर भौगोलिक वनावटका कारण वर्षातका बेला वर्षाको पानी सँगै आउने पहिरो र त्यसले उत्पन्न गर्ने बाढी नै रसुवा जिल्लाको मुख्य विपदको रुपमा रहेको देखिन्छ । त्यसै गरी हिमालको पानीलाई नियन्त्रणमा राख्ने प्राकृतिक बाँधहरु नष्ट हुनु तथा मौसममा हुने परिवर्तनले हिमनदीको अग्रभाग तिब्र रुपमा पग्लने र हिमतालहरु प्राकृतिक बाँधको नियन्त्रणमा रहन नसकी विस्फोट हुने अवस्थाले पनि अरु बढी पहिरो तथा बाढीको जोखिम थपिएको अवस्था छ । भुकम्पीय दृष्टिकोणबाट पनि जोखिमपूर्ण अवस्थामा रहेको छ । यहांको भौगोलिक बनोट, अधिकांस विद्यालयहरु सांगुरो र भिरालो अवस्थितिमा बनाइनु, अधिकांस घरहरु ढुङ्गामाटोबाट बनेका हुनु र पुर्वतयारी सम्बन्धि चेतनाको अभावले गत २०७२ बैशाख १२ को भूकम्पले जिल्लाले ठूलै क्षति व्यहोर्नु परेको थियो ।

त्यसै गरी, आगजनी रसुवा जिल्लाको अर्को मुख्य विपदको रुपमा रहेको छ । घरेलु प्रयोजनका लागि असावधानीपूर्वक आगोको प्रयोग र त्यसको व्यवस्थापनमा हेलचक्र्याँईले गर्दा बस्तीहरुमा आगलागीका घटना प्रसस्त हुने गरेका छन् । यसका अतिरिक्त हालका दिनहरुमा वनजंगलहरुमा लाग्ने गरेको वन डढेलो पनि समस्याको रुपमा देखा परेको छ । यहाँको भौगोलिक बनावटले गर्दा भुकम्पको जोखिम पनि उच्च अवस्थामा रहेको छ । साथै हावाहुरी तथा चट्यांगले पनि वर्षेनी केहि न केहि क्षती पुर्याईरहेको अवस्था छ ।

यसरी हेर्दा नेपालमा कुनै पनि प्रकारको विपद्का घट्ना घट्न सक्ने सम्भावना अत्याधिक मात्रामा रहेको छ । यसको लागि राज्यको तर्फवाट पूर्व तयारी गरी विपद्वाट हुने क्षेतीको न्यूनीकरण गर्न राज्यका हरेक तहका संयन्त्र र स्थानीय समुदायस्तर सम्म सचेतना र तयारी हुन आवश्यक छ । प्रकोप व्यवस्थापन र उद्धार कार्यलाई अन्तर्राष्ट्रिय स्तरमा मानव अधिकारका रुपमा अघि बढाउन १८-२२ जनवरी २००५ मा जापानको ह्योगो शहरमा प्राकृतिक प्रकोप न्यूनिकरण सम्बन्धि दोश्रो विश्व सम्मेलन भएको थियो यस अवसरमा नेपालले प्रकोप न्यूनीकरण एवम् समन्वय परिषदको गठन, प्रकोप सम्बन्धि राष्ट्रिय रणनीति तयार गर्ने, विकसित मूलुकका उच्च प्रविधि र अनुभवहरुलाई अनुसरण गर्ने, दिगो विकास र सुरक्षित भविष्य निर्माणका लागि शिक्षा भन्ने नारालाई साकार पार्न शैक्षिक पाठ्यक्रममा सुधार गर्ने र प्रकोप न्यूनीकरणका लागि विश्व कोषको स्थापना गर्ने जस्तो कुराहरुमा आफ्नो प्रतिबद्धता जाहेर गरेको छ । साथै यस प्रकोप जोखिम न्यूनीकरणलाई नेपाल सरकारबाट २५ असोज २०६६ मा स्वीकृत गरिनुका साथै रणनीतिमा पनि जोखिम न्यूनीकरण सम्बन्धि अवधारणाहरूलाई आपतकालीन पूर्वतयारी (Preparedness), प्रतिकार्य (Response) तथा पुनर्लाभ (Recovery) सम्बन्धि कार्यक्रम व्यवस्थित रूपमा समावेश गर्ने भनि समेत उल्लेख गरिएको छ ।

धेरै विपद (Disastar) हरुलाई प्राकृतिक विपद् वा प्रकोपको रुपमा मानेर त्यसको निवारण गर्न नसकिएता पनि विपद् जोखिम न्यूनिकरण गर्न सकिने भएकोले विपद् पूर्व नै योजनाबद्ध तरिकाले विपद् व्यवस्थापन योजना वनाउन आवश्यक हुन्छ । विपद् पूर्व (Pre Disater), विपद्को समयमा (During Disaster) र विपद् पश्चात (After Disaster) गरिने क्रियाकलापहरुको योजनावद्व तयारीको खाँका नै विपद् व्यवस्थापन योजना हो । मनसुनको समयमा आउने विपद्वाट कति मानिस संकटाभिमुख अवस्थामा छन, कसलाई कसरी उद्धार गर्न सकिन्छ र को को संग के, कति, कस्तो श्रोत साधन छ, सो को लेखाजोखा गरी मनसुनवाट हुने क्षतिबाट मानव जीवनको सुरक्षाको लागि यो मनसुन पूर्व जिल्ला आकस्मिक योजना (contingency plan) ले सहयोग गर्ने भएकाले प्रकोपलाई व्यवस्थापन गर्न विपद्पूर्व तयारी तथा प्रतिकार्य योजना तयारी गरिएको छ ।

## ३. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाका उद्देश्यहरु

- प्रकोपका कुनैपनि घट्नावाट हुन सक्ने विपद् र त्यसवाट सिर्जित मानवीय असरहरुलाई न्यूनीकरण गर्न पूर्व योजना तर्जुमा गर्ने ।
- विपद्को समयमा र विपद् पश्चात गर्ने गतिविधीहरुको जिम्मेवारी क्रमवद्ध रुपमा राखि सरोकारवालाहरुलाई जानकारी गराउने ।
- विपद्को क्षेत्रमा कार्यरत सरकारी, गै.स.स. तथा अन्तराष्ट्रिय गैससहरु संग विपद् पूर्व नै आकस्मिक योजना तयार गरी विपद् सामना गर्न सक्ने क्षमता (Resilience Power) को पहिचान गर्न ।
- विपद्को समयमा संयमित र संगठित भई विपद् व्यवस्थापन कार्यलाई योजना वद्ध तरिकावाट पूर्व जिम्मेवारीको किटान गरी  व्यवस्थापन गर्न सहयोग गर्ने ।

## ४. योजना तर्जुमा विधि




विपद् पूर्व, विपद्को समयमा र विपद् पश्चात मानवीय सहयोग उपलव्ध गराउँदा एकद्धार नीति अपनाई जिल्ला दैवि प्रकोप उद्धार समिति अर्न्तगत रहि मानवता, निष्पक्षता तथा तटस्थता कायम गरी आकस्मिक विपद् व्यवस्थापन गर्ने ।

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) तयार गर्न सर्वप्रथम साझेदार निकायहरुको पहिचान गरिएको थियो । विपद्को क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कार्यरत साझेदार निकायहरुको पहिचान पश्चात विगतमा भए गरेका सूचना तथा सन्दर्भ सामाग्रीहरुको पुनरावलोकन गरिएको थियो । विपद् व्यवस्थापन कार्यमा संलग्न निकायहरुको क्षेत्रगत रुपमा बैठक बसी विद्यमान श्रोतहरुको पहिचान, अद्यावधिक गरी विपद्का् समयमा संचालन गर्नुपर्ने क्रियाकलापहरुका विषयमा बैठकमा समूह कार्य गरी जिम्मेवारी निर्धारण भएको थियो । विषयगत समूहबाट प्राप्त विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना जिल्ला दैवी प्रकोप उद्दार समितिको बैठकमा प्रस्तुतीकरण गरी योजनालाई अनुमोदन गर्ने निर्णय गरियो ।

### ४.१ स्थानिय स्वायत्त शासन ऐन, २०५५

स्थानिय स्वायत्त शासन ऐन २०५५ ले स्थानीय विकासका लागि स्वायत्त शासनको व्यवस्था सहित वातावरणमैत्री विकास व्यवस्थापनका लागि विकेन्द्रीकरणको अवधारणालाई प्रवर्द्धन गरेको छ । यसमा विकास प्रक्रिया, वातावरण र विपद् बीचका अन्तरसम्बन्धलाई प्रत्यक्ष वा परोक्ष रुपमा जोड दिइएको छ । यस ऐनले स्थानीय निकायहरुलाई उत्तरदायी बनाएको भएता पनि उक्त ऐनमा भएका व्यवस्थाहरुलाई कार्यान्वयन गर्न आवश्यक नियमावली तथा बजेटको विनियोजन नगरिएकाले ऐनमा व्यवस्था भएका अवधारणाहरुको कार्यान्वयन पक्ष एकीकृत रुपमा अगाडी बढाउन नसकिएको अवस्था छ । रसुवा जिल्लाको सन्दर्भमा स्थानीय निकायहरुको विपद् व्यवस्थापन गर्ने क्षमता न्यून भएका कारण स्थानीय स्वायत्त शासन ऐनले सोचे बमोजिमको तत्काल जिम्मेवारी बहन गर्न सकेको देखिदैन ।

## ४.२ दैवीप्रकोप उद्धार ऐन, २०३९ :

नेपालमा विपद् व्यवस्थापनको कानूनी संरचनाको शुरुवात २०३९ सालमा जारी भएको दैवीप्रकोप (उद्धार) ऐन, २०३९ बाट भएको हो । यो ऐनले सरकारलाई विपद्को सामना गर्न तयार हुने र विपद्को समयमा प्रतिकार्य गर्ने जिम्मेवारी प्रदान गरेको छ । यो ऐनले मुलुकको इतिहासमै पहिलो पटक विपद् व्यवस्थापनको लागि संस्थागत संरचनाको व्यवस्था गरेको छ ।

## ४.३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा राष्ट्रिय कार्यशाला २०६७ को सिफारिस

१. जिल्ला तथा क्षेत्रमा कार्यरत सरोकारवाला निकायहरुले आ-आफ्नो निकायमा विपद् सम्पर्क व्यक्ति तोक्ने ।

२. विपद् सम्बन्धी विविध तालिम, बैठक तथा कार्यशालामा जिल्लामा कार्यरत सबै मानवीय सहायतामा संलग्न निकायलाई आमन्त्रण गर्ने र उनीहरुलाई सक्रियरुपमा सहभागी गराउने । यस्ता निकायहरुमा सरकारी विषयगत निकायहरु, सुरक्षा निकायहरु, राष्ट्रसंघीय संस्थाहरु, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु, रेडक्रस अभियानका सदस्यहरु, विषयगत क्षेत्रका अगुवा तथा सदस्य संस्थाहरु आदि पर्दछन् ।

३. क्षमता विकास तालिमका रुपमा तालिम तथा बैठकका माध्यमबाट आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्यमा विषयगत अवधारणा (Cluster approach) लाई सुदृढ बनाउने ।

४. विपद् पूर्वतयारी योजना तर्जुमाका लागि सरकारी र गैर/सरकारी निकायका बीच समन्वय गर्न जिल्लामा जिल्ला अगुवा सहयोगी संस्था (DLSA) पहिचान गर्ने । योजना तर्जुमामा एकरुपता कायम गर्नका लागि सबै जिल्ला अगुवा सहयोगी संस्थाले एकजना मुख्य जिम्मेवार व्यक्ति तोकी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ (Guideline for Disaster Preparedness Response Plan 2011) को बारेमा अभिमुखीकरण गर्ने ।

५. प्रत्येक वर्ष विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना सम्बन्धी राष्ट्रिय कार्यशाला आयोजना गरे पश्चात् सबै विकास क्षेत्रमा क्षेत्रीय कार्यशाला आयोजना गर्ने । यस्तो कार्यशालाका सहभागीहरुमा जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति, नेपाल रेडक्रसका जिम्मेवार प्रतिनिधि तथा क्षेत्रीय दैवी प्रकोप उद्धार समितिका सदस्यहरु तथा यस क्षेत्रमा कार्यरत प्रमुख गैर / सरकारी संस्थाहरु हुन सक्दछन् ।

६. सबै मानवीय सहायतामा संलग्न साझेदार संस्था तथा सरकारी विषयगत कार्यालयहरुबाट आवश्यक बजेट विनियोजनको सुनिश्चित गर्न तथा यसको प्रचार-प्रसार गर्न जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPR Plan) लाई जिल्ला परिषद्बाट अनुमोदन गराउने ।

७. विपद् संकटासन्न क्षेत्रका बासिन्दाहरुलाई आवश्यक उद्धार सामग्रीको समेत व्यवस्था गरी खोजी तथा उद्धार सम्बन्धी तालिम उपलब्ध गराउने ।

८. विकासका आयोजनामा विपद् जोखिम न्यूनीकरणलाई मूल प्रवाहीकरण गर्ने ।

९. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPR Plan) तयारीका लागि न.पा/गा.वि.स. स्तरीय विपद् जोखिम नक्सा अनिवार्य रुपमा तयार गर्ने र यो कार्य सम्बन्धित न.पा/गा.वि.स. को पदाधिकारीसँगको प्रत्यक्ष संलग्नतामा गर्ने ।

१०. ७५ वटै जिल्लामा योजना तर्जुमामा एकरुपता कायम गर्न र गुणस्तर कायम गर्न सबै जिल्लाका निकायहरुले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ को अनिवार्य प्रयोगगर्ने ।

११. केन्द्रीय, क्षेत्रीय र जिल्ला तहमा मार्गदर्शन, २०६७ को बारेमा अभिमुखीकरण तालिम सञ्चालन गर्ने र यसका लागि मानवीय सहायतामा संलग्न निकायलाई सहयोग गर्न आव्हान गर्ने ।

१२. आ-आफ्नो भूमिका तथा जिम्मेवारीका बारेमा हुन सक्ने द्विविधालाई अन्त्य गर्न सबै जिल्लामा जिल्ला प्रशासन कार्यालय र जिल्ला विकास समितिले आपसी छलफल र समन्वय गरी म्एच एबिल तयार सम्बन्धी कार्य गर्ने । जिल्ला विकास समितिले DPR Plan तयारी प्रकृयामा आवश्यक सहयोग गर्ने ।

१३. विद्यालय र मदरसाको विकल्पका रुपमा सुरक्षित आश्रयस्थलको पहिचान गर्ने ।

१४. DPR Plan को एउटा भागको रुपमा विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना (Scenario Based Response Plan) तयार गर्ने जुन आकस्मिक योजना (Contingency Plan) को तर्जुमा प्रकृयासँग मिल्दोजुल्दो हुन्छ । विपद्को प्रकृति छनौट गर्दा सबै जिल्लाले भूकम्पीय जोखिम सम्बन्धी प्रतिकार्य योजना तयार गर्ने र जिल्लाको संकटासन्नताका आधारमा अन्य विपद्को छनौट गरी प्रतिकार्य योजना तर्जुमा गर्ने ।

१५. हरेक जिल्लामा विपद् पूर्वतयारी योजना तर्जुमा प्रकृयामा राजनैतिक दल र नीजिक्षेत्रको सहभागिता अनिवार्य गर्ने ।

१६. राहत तथा उद्धार सम्बन्धी वैज्ञानिक मापदण्ड तर्जुमा गरी लागू गर्ने ।

१७. DPR Plan मा उल्लेख भए बमोजिमको साझा विपद् लेखाजोखा औजार (Common Disaster Assessment tool) को सबै सरकारी तथा मानवीय सहायतासम्बन्धी साझेदार निकायले प्रयोग गर्ने ।

१८.प्रभावकारी पूर्व तयारीका लागि योजनातर्जुमाको शुरु प्रकृया देखि नै संचार माध्यमलाई संलग्न गराउने ।

१९. यस अघि नै DPR Plan तयार गरिसकेका जिल्लाहरुले पनि प्रभावकारी मानवीय प्रतिकार्यका लागि वर्तमान अवस्था र आवश्यकताको आंकलन गरी विद्यमान DPR Plan लाई संशोधन वा अद्यावधिक गर्ने । यसका साथै तर्जुमा भएको योजनाको कम्तीमा वर्षमा २ पटक समीक्षा गर्ने ।

२०. प्रत्येक जिल्लाको DPR Plan को कार्यान्वयनको अवस्थाको अनुगमन तथा समीक्षा गर्न कार्ययोजना तर्जुमा गर्ने (यसका लागि सरकारी निकाय, रेडक्रस, राष्ट्रसंघीय निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गै.स.स. र निजीक्षेत्र सम्मिलित ५ सदस्यीय कार्यदल निर्माण गर्ने ।

२१. नपा/गा.वि.स. तथा जिल्ला तहमा जनचेतनामूलक अभियान संचालन गर्ने ।

२२. DPR Plan को तर्जुमामा जिल्लास्थित सबै मानवीय सहायतामा संलग्न निकायहरुले जिल्ला दैवी प्रकोप उद्धार समितिलाई सहयोग गर्न आव्हान गर्ने ।

## ५. विपद्पूर्व तयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा

विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तयार भए पछि निम्न अनुसारको प्रतिफल प्राप्त हुनेछ ।

- नियमित रुपमा समन्वयात्मक वैठक संचालन हुनेछ ।
- विपद् पूर्व तयारीहरु क्षेत्रगत रुपमा जिम्मेवारी स्पष्ट भई गतिविधिहरु संचालन गर्नेछन् ।
- विपद्को क्षेत्रमा कार्यरत साझेदार निकायहरुको पहिचान हुनेछ ।
- संचार सम्पर्क र समन्वयमा वढोत्तरी भई विपद्को समयमा सिघ्र सूचना, खोजतलास र उद्धार हुनेछ ।
- प्रतिकार्यको साझा मापदण्ड निर्धारण हुने छ ।
- सामुहिक जिम्मेवारी वहन् भई प्रभावकारी रुपमा विपद् व्यवस्थापन हुनेछ ।
- श्रोतहरुको पूर्व अनुमान गर्ने र विपद्को समयमा उपलव्ध श्रोतहरुको समुचित उपयोग हुने छ ।

## ६. जिल्ला दैवि प्रकोप उद्धार समितिको वैठक

जिल्ला दैवि प्रकोप उद्धार समिति अध्यक्ष/प्रमुख जिल्ला अधिकारी श्री कृष्ण प्रसाद अधिकारी ज्यूको अध्यक्षतामा २०७३।२।३ गते वैठक बसी विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना सम्वन्धमा सम्वद्ध निकायहरु संग छलफल भयो जसमा जिल्ला अगुवाई गर्ने संस्थाको रुपमा नेपाल रेडक्रसको संयोजकत्वमा ११ सदश्यीय कार्यदल गठन गरीएको थियो भने क्षेत्रगत समूहको वैठक (Cluster Meeting) वाट प्राप्त सुचनाहरुलाई संकलन, सम्पादन गर्न, रुजु गर्न र अन्तिम मस्यौदा तयार गरी कार्यदल मार्फत जिल्ला दैवी प्रकोप उद्दार समितिमा पेशगर्नका लागी ३ सदस्यीय मस्यौदा समिति (जि.वि.स. का कार्यक्रम अधिकृत श्री लिला नाथ नेपाल संयोजक, नेपाल रेडक्रस सोसाइटी रसुवा शाखाका कार्यक्रम अधिकृत श्री उद्धवराज अवस्थी र सवल परियोजना प्रतिनिधि- श्री हेमन्त राज जोशी सम्मिलित) गठन गरी जिम्मेवारी दिईएको थियो ।

दैवी प्रकोप उद्धार समितिको आयोजना र नेपाल रेडक्रस रसुवा र सवल परियोजनाको साझेदारीमा सहायक प्रमुख जिल्ला अधिकारी श्री दिपक के.सी.को अध्यक्षतामा मिति २०७३।२।२७ गते पुनः सरोकारवालाहरुको वैठक वसि सबै क्लष्टरहरुबाट प्रतिवेदन पेश गर्न र आफनो जिम्वोरी वाँडफाडका लागी जिल्ला विपद प्रतिकार्य योजना निर्माण गर्न सहभागितात्मक कार्ययोजना तयार गरिएको थियो ।

## ७. क्षेत्रगत सहयोगी संस्थाहरुको बैठक (Cluster Meeting)

विधमान श्रोतहरुको पहिचान तथा प्रतिकार्य योजनाको अध्यावधि गर्न प्रत्येक क्षेत्रगत सहयोगी संस्थाको नेतृत्व गर्ने संस्थाहरुको समन्वयमा क्षेत्रगत रुपमा वैठक वसी योजनाको अध्यावधि भएको थियो ।

**क्षेत्रगत सहयोगी संस्थाहरुको बैठक (Cluster wise Meeting) :**

| सि.न. | क्षेत्रगत सहयोगी समूह | वैठक भएको मिति | नेतृत्व गर्ने कार्यालय |
|---|---|---|---|
| १. | सूचना, सञ्चार, समन्वय, खोज तलास र उद्धार | २०७३।३।२७ | जिल्ला प्रसाशन कार्यालय |
| २. | आपतकालीन खाध तथा कृषि र जिविकोपार्जन | २०७३।३।२७ | जिल्ला कृषि विकास कार्यालय |
| ३. | आपतकालीन आश्रय स्थल तथा गैरखाद्य | २०७३।३।२७ | जिल्ला विकास समिति |
| ४. | आपतकालीन Logistic समन्वय | २०७३।३।२७ | जिल्ला प्रसाशन कार्यालय |
| ५. | खानेपानी तथा सरसफाइ | २०७३।३।८ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय |
| ६. | स्वास्थ्य तथा पोषण | २०७३।३।२७ | जिल्ला स्वास्थ्य कार्यालय |
| ७. | शिक्षा | २०७३।३।३ | जिल्ला शिक्षा कार्यालय |
| ८. | आपतकालीन संरक्षण | २०७३।३।१९ | महिला विकास कार्यालय |
| ९. | तत्कालीन पुर्नलाभ | २०७३।३।२७ | जिल्ला विकास समिति |

## ८. रसुवा जिल्लाको प्रमुख जोखिमहरु

रसुवा जिल्ला भौगोलिक रुपमा हिमाल, लेक, पाहाड र वेंशी मिलेर बनेको भिरालो जमिन हुनाले यंहाँ विविध प्रकारको हावापानी पाईन्छ । यहि कारणले गर्दा विविध प्रकारका अवसर संगै प्रकोपका घटनाहरु घट्ने गर्दछन । यस जिल्लाका अधिकांस भूभाग पहाडी भिरालो वनावट रहेकाले वर्षा महिनाहरुमा पहिरो जाने जसले गर्दा वाटोघाटो, खेतीयोग्य जमिन र धनजनको क्षेती हुने गर्दछ । त्यस्तै गरी वेंशीतिर पहाडी भूभागवाट बगेर आउने नदीले गर्दा खेतियोग्य जमीनहरु विनास हुने गर्दछ । जाडो महिनामा हिमाली, लेक र पहाडी भूभागमा अत्याधिक चिसोका कारण जनजीवन प्रभावित हुन्छ । चैत्र, वैशाष र जेष्ठ महिनामा हुने आगोलागिले जंगल सखाप हुने तथा हावाहुरीले मानिसहरुका घर, सार्वजनिक भवनहरु (विद्यालय,

स्वास्थ्य चौकी) उडाउने भत्काउने गर्दछ । चट्याङ्ग, र जंगली जनवारको आतंक पनि प्रकोपको रुपमा रहेको छ ।

१) भुकम्प २) बाढी पहिरो
३) हावाहुरी ४) महामारी
५) आगलागी ६) चट्याङ्ग
७) जंगली जनवार आतंक ८) हिमपात तथा हिउँ पहिरो
९) सुख्खा खडेरी १०) सडक दुर्घटना

## ९.प्रकोप जोखिम स्तरीकरण

रसुवा जिल्लाका कुन क्षेत्र तथा गा.वि.स.हरु प्रकोपको जोखिममा रहको छ भनि अनुमान मात्र गर्ने गरिएकोमा यस वर्ष गाविस सचिव तथा स्थानीय सामाजिक परिचालकहरुको प्रत्यक्ष सहभागिता तथा समूह कार्यद्धारा (Group Work) मिति २०७३ असार ७ र ८ गते समग्र जोखिमको स्तरीकरण सूचकाङ्क गरी पहिरो, आगलागी, हावाहुरी, भुकम्प, जंगलीजनावर तथा अन्य विभिन्न प्रकोपहरुको स्तरीकरण गरिएको छ । यसरी जोखिम स्तरीकरण गर्नाले प्रभावित गा.वि.स., जनसंख्या तथा घरधुरीको पूर्वानुमान गरी सोहि अनुसारको पूर्वतयारी तथा प्रतिकार्यको लागि सजग रहन सहयोग गर्नेछ । समय सापेक्ष यस जोखिम सुचकाङ्कहरुलाई पनि अद्यावधी गरिंदै लगिने छ ।

### ९.१ समग्र गाविसहरुको जोखिमता सुचकांक

| क्र. स. | गाविस | प्रकोप | जोखिम बहन क्षमता | जोखिमता सुचकाङ्क |
|---|---|---|---|---|
| १ | धुन्चे | ५.५ | ६.८७५ | ०.८ |
| २ | स्याफ्रु | ५.२९ | ३.५ | १.५१ |
| ३ | गोल्जुङ्ग | ७ | ४.६६ | १.५० |
| ४ | गत्लाङ्ग | ५.४४ | ३.५ | १.५५ |
| ५ | चिलिमे | ५.५४५ | ५ | १.०८ |
| ६ | लहरेपौवा | ६.०५८ | ३.३ | १.८३५ |
| ७ | सरमथली | ४.९९२ | ३ | १.६६ |
| ८ | भोर्ले | ६.२०६ | ४.७ | १.३२ |
| ९ | यार्सा | ६.९९ | ३.३३ | २.०९९ |
| १० | हाकु | ४.९९ | ४.५ | १.१० |
| ११ | राम्चे | ४.६ | ३.३७ | १.३६६ |
| १२ | धैबुङ्ग | ६.५१ | ३.८१ | १.७०८ |
| १३ | बृद्धिम | ५.४० | ३ | १.८ |
| १४ | डाँडागाँउ | ६.४१ | ३.१२५ | २.०५ |
| १५ | ठुलोगाँउ | ४.८६ | ५.५ | ०.८८४ |
| १६ | लाङ्गटाङ्ग | ७ | ३.२१ | २.१८ |
| १७ | टिमुरे | ६ | ३.०१ | १.९९ |
| १८ | थुम्मन | ५.७ | २.५ | २.२८ |

## ९.२ रसुवा जिल्लाको पहिरो जोखिम स्तरिकरणः

रसुवा जिल्लाको मुख्य जोखिमको रुपमा पहिरो रहेकोले पहिरो तथा बाढी जोखिम स्तरिकरण विषय यस योजनामा नयाँ विषयको रुपमा थप गरिएको छ । यसले आगामी दिनहरुमा सहयोग गर्न थप सहयोग पुऱ्याउन मद्दत मिल्नेछ । गा.वि.स.का सचिवहरुसंगको छलफलबाट पहिरो तथा बाढीको स्तरिकरण गर्दा निम्नानुसार समान्य जोखिम युक्त, मध्यम जोखिम युक्त र उच्च जोखिम युक्त गा.वि.स.हरुको वर्गिकरण गरिएको छ ।

| सि.न. | जोखिमको प्रकार | गाविसहरु |
|---|---|---|
| १ | पहिरोवाट सामान्य जोखिम युक्त | गोल्जुङ्ग, गत्लाङ्ग |
| २ | पहिरोवाट मध्यम जोखिमयुक्त | लहरेपौवा, सरमथली, थुमन ,चिलिमे, स्याफ्रु, धुन्चे, बृद्धिम |
| ३ | पहिरोवाट उच्च जोखिम | राम्चे, हाकु, धैवुङ्ग, भोर्ले, डाँडा गाँउ, टिमुरे, लाङटाङ, ठुलोगाँउ, यार्सा |

## ९.३ रसुवा जिल्लामा भुकम्प क्षतीको विश्लेषण २०७२

वि.सं. २०७२ साल बैसाख १२ गतेको महाभूकम्प र त्यसपछिका पराकम्पनहरुबाट रसुवा जिल्लामा ठूलो धनजनको क्षति भएको थियो । उपरोक्त क्षतिले जिल्लाको विकासका नियमित प्रक्रियाहरु अवरुद्ध बनाइदिएको र जिल्ला विकासका प्राथमिकताहरु नै असन्तुलित गराइदिएको अवस्था छ । तसर्थ आगामी दिनमा जिल्लाको विकासका लागि योजना र प्राथमिकता तय गर्दा भूकम्पीय क्षति र भविश्यमा आउन सक्ने सम्भाब्य प्रकोप जोखिमहरुलाई मध्यनजर गर्नुपर्ने हुन्छ । यसर्थ यस जिल्लाको भूकम्पीय क्षतिको विश्लेषण देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

### ९.३.१ मानवीय र ब्यक्तिगत घर/आवास र गोठको क्षति

रसुवा जिल्लामा भूकम्पीय क्षतिको असर अन्य जिल्लाको तुलनामा अधिक रहेको छ । देशका वढी प्रभावित १४ जिल्ला मध्ये जनसंख्याको अनुपातमा रसुवा जिल्लाको मानवीय क्षति सवभन्दा वढी रहेको देखिन्छ । गत वैशाख १२ गतेको विनासकारी भूकम्प र त्यसपछिका पराकम्पहरुले सवैभन्दा क्षति पुगेको क्षेत्र आम जनताका निजी घर, गोठ, विद्यालय भवनहरु नैहुन् । मानिसहरुको अधिकांश मृत्यू पनि घरगोठ भत्किएर भएको थियो । जिल्लाभित्र घरगोठ भत्किएर भएको क्षतिका अलावा समग्र वस्ती नै भूकम्प र त्यसपछि आएको पहिरो एवं जमीनमा धाँजा फाटेका कारण वस्ती जोखिममा परेका हुँदा वस्तीको स्थानान्तरण वा पूनस्थापना गर्नुपर्ने अवस्था छ । रसुवा जिल्लाका १८ गाविसहरुमा भूकम्पले ध्वस्त भएका घरहरुमध्ये पूर्ण क्षति र आंशिक क्षति भएका घरहरुको विवरण यसमा संलग्न गरिएको छ ।

मिति २०७२।१।१२ गते गएको भुकम्पमा मृत्य भएका स्वदेशी र विदेशी को सख्यात्मक विवरण
स्वदेशीहरुको सख्यातमक विवरण

| पुरुष | महिला | बालक | बालीका | कै |
|---|---|---|---|---|
| २०३ | २७४ | ९६ | ८६ | स्वदेशी ६५९ |

विदेशीरुको सख्यातमक विवरण

| पुरुष | महिला | कै |
|---|---|---|
| ११ | ११ | विदेशी २२ |

- मृत्य स्वदेशी र विदेशीको सख्या जम्मा ६८१ जना

घाईतेको संख्यात्मक विवरणः-

| पुरुष | महिला | बालक | बालीका | कै |
|---|---|---|---|---|
| ३३८ | २२१ | ७० | ५२ | घाईते स्वदेशी जम्मा ६८१ |

बेपत्ताको संख्यात्मक विवरणः-

| पुरुष | महिला | बालक | बालीका | कैफियत |
|---|---|---|---|---|
| ८१ | १४ | २ | - | स्वदेशी जम्मा ९७<br>विदेशी २१<br>स्वदेशी र विदेशी जम्मा १११ जना बेपत्ता |

- बुबा र आमा गुमाएका जम्मा २१ जना
- बुबा गुमाएका ............३४ जना
- आमा गुमाएका...........६९ जना
- बालक.......................६४ जना
- बालीका ..................६० जना

## गा.वि.स. स्तरमा भएको क्षति विवरण :

| मानवीय क्षती | | | व्यक्तिगत घर,आवास र गोठको क्षती | | | |
|---|---|---|---|---|---|---|
| **गा.वि.स.** | **जनसंख्या** | **मृतक** | **घरधुरी** | **घरसंख्या** | **पुर्ण क्षती** | **आंशिक क्षती** |
| धुन्चे | २७४४ | १५ | ७१४ | ६७१ | ७०४ | ० |
| हाकु | २१६९ | ९६ | ४४३ | ७०४ | ७०२ | २ |
| यार्सा | ३८४४ | ३० | ८२० | ११९० | ९०७ | ४ |
| सरमथली | ३९९२ | ३८ | ८२१ | १४४१ | ९९३ | ० |
| धैबुङ्ग | ४९२८ | २४ | ११०९ | १६५० | ११२४ | १५३ |
| भोर्ले | ५५७० | ३४ | ११८४ | १७८७ | १३८६ | ३१ |
| लहरेपौवा | ४५२२ | ४९ | १०५३ | २०३७ | १२६७ | ३२ |
| राम्चे | २२६८ | २९ | ४८९ | ८३४ | ५८६ | ० |
| ठुलोगाँउ | १३५६ | ५४ | ३१७ | ४९२ | ३९० | ३ |
| डाँडागाँउ | २१८६ | ६१ | ४७९ | ७६८ | ६०३ | ० |
| गत्लाङ्ग | १८०५ | ७ | ४०० | ६३५ | ५२९ | २ |
| चिलिमे | १३७८ | २ | ३४० | ५३४ | ४३८ | १५ |
| थुमन | १३५६ | २ | २३९ | ३५२ | २९० | ८ |
| टिमुरे | ४२३ | १६ | १३० | १९१ | ११६ | ३ |
| बृद्धिम | ४२२ | ४ | १६१ | २५३ | १५९ | ५ |
| लाङटाङ्ग | ४१५ | २०७ | १५२ | १९७ | १९७ | ० |

| मानवीय क्षती | | | व्यक्तिगत घर,आवास र गोठको क्षती | | | |
|---|---|---|---|---|---|---|
| गा.वि.स. | जनसंख्या | मृतक | घरधुरी | घरसंख्या | पुर्ण क्षती | आंशिक क्षती |
| गोल्जुङ्ग | ९७२ | ३ | २६९ | ३७७ | ३१३ | ४ |
| स्याफ्रु | २२७१ | १० | ६२१ | ८४१ | ७३५ | ० |
| **जम्मा** | ४३३०० | ६८१ | ९७४१ | १४९५४ | ११४३९ | २६२ |

*स्रोत: जिल्ला दैविप्रकोप उद्धार समिति र जिल्ला प्रहरी कार्यालय रसुवा२०७२*

### ९.३.२ सरकारी र सामुदायीक भवनहरुको क्षति

सरकारी कार्यालयहरु (जिल्ला, इलाका र सेवा केन्द्र) को क्षति: यस अन्तर्गत जिल्लामा भूकम्पका कारण क्षति भएका सरकारी भवन अन्तर्गत केन्द्रीय सरकार अन्तर्गतका जिल्लास्तरीय, इलाका स्तरीय र सेवा केन्द्र स्तरका कार्यालयहरु गणना गरिन्छ । रसुवामा लगभग ४० वटा जिल्ला र इलाका स्तरका कार्यालयहरु तथा ५० वटा जति स्थानीय स्तरका कार्यालयहरु पूर्ण क्षति भएका छन् ।

### ९.३.३ प्रहरी चौकी, सेनाको ब्यारेक र राष्ट्रिय निकुञ्जको फिल्ड पोष्टको क्षति:

यस अन्तर्गत जिल्ला प्रहरी कार्यालय र प्रहरी चौकीहरु, राष्टिय निकुञ्जको सुरक्षार्थ रहेको नेपाली सेनाको गण र सो अन्तर्गतका फिल्ड सुरक्षा गुल्महरु, राष्ट्रिय निकुञ्जका फिल्ड पोष्टहरु आदिको गणना गरिन्छ ।

**गाविस भवनहरु तथा सामुदायीक संस्थाका कार्यालयहरुको क्षति:**

जिल्लाका १८ वटा गाविसहरु मध्ये अधिकांश गाविस भवन र आसपासमा रहेका सामुदायीक भवनहरु भुकम्पले भत्किएका छन् ।

### ९.३.४ विद्यालय भवनको क्षति:

जिल्ला भरीमा ९८ वटा विद्यालयहरुमा भूकम्पका कारण क्षति पुगेको छ । जसमा ६३२ वटा कक्षा कोठाहरुमा ध्वस्त भएका छन् ।

### ९.३.५ अस्पताल र स्वास्थ्य चौकीहरुको क्षति:

धुन्चेमा रहेको जिल्ला अस्पताल पूर्ण क्षती, जिवजिवेमा रहेको प्राथमिक स्वास्थ्य केन्द्र सामानय क्षती भएको छ भने चिलिमे गाविसको बाहेक हरेक गाविसमा रहेका स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकीहरुका भवन एवं सुरक्षित सुत्केरी गृहहरु पूर्णक्षति भएका छन् ।

### ९.३.६ सामुदायीक पूर्वाधारहरु (खानेपानी, सडक, सञ्चार) को क्षति

पानीको मुहान, पानी जम्मा गर्ने रिजरभ्वायर, वितरण प्रणालीको पाइप आदिमा क्षति पुगकोछ भने पासाङ ल्हामु राजमार्गको अधिकांश खण्ड, टिमुरेदेखि रसुवागढी सम्मको सडकमा भिरबाट आएको पहिरोमा पुरिएर सडक ध्वस्त भएका थिए । सञ्चारको हकमा हुलाक कार्यालयहरु, जिल्लाभित्र रहेका एफएम स्टेशन र टावरहरु तथा टेलिकम र निजी कम्पनीका टावरहरु ढलेका थिए ।

### ९.३.७ उद्योग, ब्यापार र पर्यटनको क्षति

भूकम्पले ब्यवसायीक क्रियाकलाप हुने घर भत्किँदा ब्यापार रोकिएको छ । त्यसैगरी रसुवागढी स्थित भन्सार र अध्यागमन कार्यालय पहिरोले ध्वस्त हुँदा द्धैदेशीय ब्यापारमा क्षति पुगेको छ । ग्रामीण स्तरमा लघु र घरेलु उद्यममा क्षति पुगेको छ । भूकम्पका कारण लाङटाङ उपत्यकामा आएको हिमपहिरोका कारण समग्र मानवस्ती नै ध्वस्त भएको र सो क्षेत्रका समग्र पर्यटकीय पदमार्गहरु नै ध्वस्त भएको अवस्थामा रसुवा जिल्लाको पर्यटनमा अपूरणीय क्षति पुगेको छ । स्याफ्रुबेसी देखि उत्तर लाङटाङ क्षेत्र जाने पदमार्ग, चिलिमे, थुमन र वृद्धिम क्षेत्रको तामाङ हेरिटेज ट्रेल आदि पनि क्षतिग्रस्त भएका छन् । उपरोक्त

पदमार्गहरुको तात्कालीक पुनर्निर्माण भई हाललाई चालू गराइएको भएपनि थप मर्मतसम्भार आवश्यक पर्नेछ ।

### ९.३.८ ठूला विद्युत आयोजनाहरुको क्षति

विनाशकारी भूकम्पले गर्दा रसुवा जिल्लामा सञ्चालित तथा निर्माणाधीन जलविद्युत आयोजनाहरुमा आंशीक क्षति पुगेको छ । मैलुङ खोला आयोजनाको पावर हाउस, अपर त्रिशुली आयोजनाको ड्याम्प साइट र निर्माणधीन पावरहाउस क्षेत्रमा भूकम्प पश्चात पहिरो गई क्षति पुगेकोछ । निर्माणाधीन रसुवागढी र साञ्जेन आयोजनाको काम रोकिन गई निर्माण अवधि लम्विएको छ ।

### ९.३.९ कृषि  क्षेत्रको क्षति

विनाशकारी भुकम्पले गर्दा रसुवा जिल्लामा ३५० हे. जमिनको क्षती भएको छ भने धान २०५ टन,मकै ३५३ टन,गहुँ ५४० टन,कोदो ३४१ टन र आलु १६५ टन पुरीयर नष्ट भएको थियो । खडा अवस्थाका मकै ७०.५ हे.,गहुँ/ उवा ३१ हे.,मसुरो २० हे.,फापर ५हे. र आलु तरकारी १००हे. नष्ट भएको थियो । त्यस्तै ४०० वटा प्लाष्टीक घरमा गोलभेडा खेती गरिएकोमा भुकम्प वाट घरवारविहिन भएका व्यीत्तःहरु त्यसै टनेलमा अस्थायी वसोवास गरेकाले उक्त खेती नष्ट भएको थियो । जिल्लामा भएको रेम्बो ट्राउटको ५५ वटा रेशवय मध्य ३५ वटामा क्षति पुगेको त्यस्तै १लाख ३० हजार माछाको भुरा मरेको ४०० के.जि. खानेमाछामा क्षती पुगेको थियो । खाध्यान्न पुरीएर भएको क्षति,खडा वारीमा भएको क्षति,प्लाष्टीक खेतीमा भएको क्षति,रेशवय क्षति,भुरामाछा क्षति र खाने माछामा भएको क्षति समेत गरी करिव ११ करोड ७८ लाख ७५ हजारको क्षति भएको थियो ।

### ९.३.९ पशु  क्षेत्रको क्षति

महाभुकम्पले गर्दा यस जिल्लामा गाई १५५१,भैंसि ५५८,वाखा ६५४७,भेडा ७९०, वँगुर ४१,कुखुरा २००८५,चौंरी ९२८,घोडा ३३,अन्य हाँस र खरायो ६३ गरी करिव रु.२३ करोड २४ लाख ९९ हजार ३ सय वरावरको क्षति भएको । त्यस्तै खोर गोठको क्षति करीव रु. ८९ लाख ६७ हजार वरावर रहेको अनुमान गरिएकोछ ।

## १०. क्षेत्रगत पूर्व तयारी तथा प्रतिकार्य योजना

### १०.१.सूचना सञ्चार तथा समन्वय क्षेत्र (Information and Co-ordination Cluster)

### १०.१.१ प्राकृतिक प्रकोप पछिको अनुमानित परिदृश्य (Flood Scenario)

- सूचना प्रसारण प्रविधिहरु अवरुद्ध
- सार्वजनिक पूर्वाधारहरु सडक, पुल, विद्युत, विद्यालय, स्वास्थ्य चौकी सार्वजनिक भवनहरु अवरुद्ध वा क्षति ग्रस्त भएको हुने
- आवास तथा व्यक्तिगत सम्पत्ति क्षति
- महिला, वृद्ध, बालबालिका तथा शारीरिक, मानसिक रुपमा अशक्त मुख्यरुपमा प्रभावित र सबै समुदाय विस्थापित
- विद्यालय, स्वास्थ्य केन्द्र, प्रहरी चौकी जस्ता सार्वजनिक संस्थाहरुमा चाप
- आफन्तहरुसँगको सम्बन्ध विच्छेद भई हतास भएको र सम्पर्कको प्रयास भईरहेको ।
- व्यक्ति, घर, परिवार, समुदाय स्तरमा असुरक्षा र संत्रासको वातावरण सृजना हुने ।

## १०.१.२ योजनाको उद्देश्य (Objectives of the Planning)

- विपद्का तीनै चरणमा आवश्यक पर्ने सूचनाको समीक्षा गर्ने ।
- जिल्ला र स्थानीय स्तरमा पूर्व चेतावनीका लागि सूचना संयन्त्रको स्थापना, विकास र पहिचान गरी अभिलेख अध्यावधिक गर्ने ।
- ठाडो र तेर्सो सूचना प्रवाहको (Vertical & Horizontal Information Channel) को परिचालन गर्ने गराउने ।
- सूचनाको प्राप्ती, विश्लेषण, उपयोग र सूचना प्रवाहको व्यवस्था मिलाउने ।
- केन्द्र, क्षेत्रीय स्तर र स्थानीय स्तरमा सूचना सम्प्रेषण र समन्वय गरी आवश्यक खोज उद्धार राहत लगायत कार्यका लागि सूचना सम्प्रेषण गर्ने ।
- सूचना प्रवाहका वैकल्पिक उपायहरु पहिचान गर्ने तथा सूचनालाई विश्लेषण गरी सम्बन्धित क्षेत्रहरुमा समन्वय गरी तत्काल प्रतिकार्य सुनिश्चित गर्ने ।
- जिल्लामा आपत्कालीन सञ्चालन केन्द्र स्थापना र सुसंचालनका लागि प्रयास गर्ने ।
- सम्पूर्ण सुचनाहरु जिल्ला दैवि प्रकोप उद्दार समिति मार्फत प्रवाह गरिनेछ । विपद्मा खोज र उद्धार कार्यमा खट्ने संस्था/समूहलाई सक्रिय पार्ने ।
- विपदको बेलामा तार बिहीन सञ्चार **(Wirless Communication)** को विस्तार गर्ने ।

## १०.१.३ मानवीय सहयोगका मापदण्ड (Minimum Standards)

- समन्वय वैठक शुरुमा प्रत्येक दिन एक पटक बस्ने । कमाण्ड पोष्ट खडा गर्ने ।
- समन्वय बैठक र प्रतिवेदनका बारेमा जानकारी गराउने ।
- खोज उद्धार टोलीलाई आवश्यकताका आधारमा परिचालन गर्ने ।
- अवस्था तथा आवश्यकताको आधारमा रहेर–मिरा (MIRA) टीम परिचालन गर्ने ।
- पहिलो हप्तामा परिस्थितिका बारेमा दिनदिनै प्रतिवेदन तयार गर्ने । क्रमशः आवश्यकता अनुसार हरेक २ दिन तथा साप्ताहिक रुपमा निरन्तरता दिने ।
- पहिलो पटक २४ घण्टाभित्र र त्यसपछि (पहिलो हप्तामा हरेक दिन) समाचार माध्यमका लागि समाचार पठाउने ।
- क्षेत्रीय विपद् उद्धार समितिलाई सक्रिय पार्न प्रयास गर्ने ।
- समन्वय तथा शिविर व्यवस्थापनको अनुगमन गर्ने, प्रतिवेदन तयार गरि सबैलाई जानकारी गराउने ।

## १०.१.४ सम्पर्क व्यक्तिहरु (Focal Person)

| क्र.सं. | कार्यालयको नाम | स्रोत व्यक्ति | पद् | सम्पर्क नम्बर | ईमेल |
|---|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | कृष्णप्रसाद अधिकारी | प्रमुख जिल्ला अधिकारी | ९८५१२७७७७७ | rasuwadao@gmail.com |
| २ | जिल्ला प्रहरी कार्यालय | प्रमेश बिष्ट | पहरी निरीक्षक | ९८५१०९७३०८ | dporasuwa@nepalpolice.gov.np |
| ३ | नेपाली सेना | विक्रम गुरुङ्ग | प्रमुख सेनानी | ९७४१३५०१७७ | hd_gana@yahoo.com |
| ४ | ससस्त्र प्रहरी वल | लेख बहादुर गुरुङ्ग | स.प्र.नि. | ९८४६५८८६१८ | apfrasuwa.coy@gmail.com |
| ५ | राष्ट्रीय अनुसन्धान कार्यालय | अरुण कार्कि | अनुसन्धान अधिकृत | ९८४१७०६२२१ | |
| ६ | जिल्ला विकास समिति | राजेन्द्र देव पाण्डे | स्थानीय विकास अधिकारी | ९८५४०३०७२३ | rdpsag@gmail.com |
| ७ | ला.रा.नी. | हरिभद्र आचार्य | प्रमुख संरक्षण अधिकृत | ९८५१०११८५५ | |

| क्र.सं. | कार्यालयको नाम | स्रोत व्यक्ति | पद् | सम्पर्क नम्बर | ईमेल |
|---|---|---|---|---|---|
| ८ | जिल्ला वन कार्यालय | उमा पौडेल | नि.जि.व. अधिकृत | ९८६०९०३२३१ | |
| ९ | जिल्ला कृषी विकास कार्यालय | रमेश हुमागाई | वरिष्ठ कृषि विकास अधिकृत | ९८४३१९४२९६ | r.humagain@yahoo.com |
| १० | खा.पा.तथा स.स.डि.का. | रविमोहन कोईराला | सव डिभिजन प्रमुख | ९८४६०३५८०९ | |
| ११ | नेपाल टेलिकम | तोयानाथ रिजाल | कार्यालय प्रमुख | ९७५१०९७७७७ | |
| १२ | नेपाल पत्रकार महासंघ | हेमनाथ खतिवडा | प्रतिनिधि FNJ | ९८५१०११२७१ | |
| १३ | रेडीयो रसुवा | हिम नाथ देवकोटा | प्रतिनिधि | ९८६००५६३४१ | |
| १४ | महिला विकास कार्यालय | अनजु ढुगांना | म.वि. अधिकृत | ९८४१८६९१८१ | |
| १५ | नेपाल रेडक्रस सोसाईटी | दिनेश कुमार तमाङ | कोषाध्यक्ष | ९८४९८२२६१२ | dineshthokra72@gmail.com |
| १६ | जिल्ला स्वास्थ्य कार्यालय | वीरेन्द्रप्रसाद शाह | हे.अ.अ. | ९७४१०८६३५० | |
| १७ | सवल परियोजना | हेमन्त राज जोशी | DRR/CCA | ९८४८४९०४११ | hemanta.joshi@care.org |
| १८ | जर्मनि जि.आई.जेड. | कृष्ण प्रसाद निरौला | DDRC सहयोग अधिकृत | ९८५२६८३०३८ | Krishna.niraula@giz.de |
| १९ | विभिन्न राजनितिक दलहरु | सवै पार्टिका प्रतिनिधिहरु | | | |

## १०.१.५.विद्यमान श्रोत तथा क्षमताको आँकलन (Existing Resource Mapping)

| सि.नं. | साझेदार संस्था | मानवीय श्रोत | भौतिक सामाग्री | कैफियत |
|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | १२ जना | सवारी साधान ४ पांग्रे जिप १ थान मोटरसाईकल १ वटा सुरक्षित कार्यालय भवन १ वटा विपद कोष रहेको रकम रु ३ लाख १५हजार ६सय २१ | |
| २ | जिल्ला प्रहरी कार्यालय | ५० जना | पिक, गल, साबेल। डोरी, स्ट्रेचर, First Aid Kit, | |
| ३ | नेपाली सेना | | | प्राप्त नभएको |
| ४ | ससस्त्र प्रहरी वल | ११६ | पिक, सावेल, लाईन डोरी, गल, बाल्टिन, गैती, फरुवा, हेलमेट, आदी | |
| ५ | जिल्ला विकास समिति | ३० जना मध्ये प्राविधिक ४ जना | सवार साधन ४ पांग्रे जिप १ थान मोटरसाईकल ८ थान सुरक्षित कार्यालय भवन १ वटा खुल्ला चउर कार्यालय परिसर अगाडि करिब २०० जना अटने खुल्ला चउर जिविस समिक्षा हलको भएको क्षेत्रमा करिब १००० जना सम्म अट्न सक्ने प्रकोप कोषमा रहेको रकम | |
| ६ | नेपाल टेलिकम कार्यालय | प्राविधिक जनशक्ति १० जना | सवारी साधन ४ पाग्रे महिन्द्र जिप १ थान, मोटरसाईकल | |
| ७ | रसुवा गडी हाईड्रो पावर | १५० जना | लोडर १,स्काभेटर १, | डक्टर १, नर्स १,रिभर फ्लड सर्भिलेन्स टिम |
| ८ | नेपाल रेडक्रस सोसाईटी | २०० जना तालिम प्राप्त जनशक्ति, जुनियर रेडक्रस सर्कल, जिल्ला शाखा स्वयंसेवक र कर्मचारी | एम्बुलेन्स १ थान, गाडी जिप १ थान, मोटर साइकल २ थान, २५०० मीटर पाइप, २ वटा जेनेरेटर, ४०० थान कम्बल र त्रिपाल, ५०० मीटर मेट्रेस, | आवश्यकतानसुार नेरेसो को केन्द्रीय गोदामबाट थप गर्न सकिने |
| ९ | चिलिमे जलविद्युत केन्द्र | | एम्बुलेन्स १, High flood Alarm | |

## १०.१.६ जिल्ला आपतकालीन कार्य संचालन केन्द्र (DEOC)

जिल्ला तथा गाउं तहमा प्रकोप तथा विपद परेको खण्डमा त्यसको तत्काल सुचना प्रवाह गर्ने उद्धेश्यले यस जिल्लामा २०७२ साल चैतमा जर्मनी जि.आई.जेड.ले वनाएको प्रि फ्याव भवनमा जिल्ला आपतकालिक कार्य संचालन केन्द्र स्थापना भई संचालनमा रहीआएको छ । यस केन्द्रले गाँउ तथा जिल्लामा घटेका प्रकोप एवं विपदका सुचनालाई प्रमुख जिल्ला अधिकारी,सवै सुरक्षा निकाय, क्षेत्रमा, केन्द्रमा रहेको राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र NEOC (National Emaergency Opretation Center) मा प्रवाह गर्ने कार्य गर्दछ । यसरी यस केन्द्रले केन्द्र देखि जिल्ला हुदै गाँउ सम्म संचार तथा समन्वय गर्नको लागी अहम भुमीका खेल्ने देखिन्छ । हाल यस केन्द्रको फोकल पर्सनको रुपमा सहायक प्रमुख जिल्ला अधिकारी श्री दिपक के.सी. रहनु भएको छ । कुल चार जना जनशक्ती, तथा तिन वटा रेडीयो सेट, कम्प्युटर, प्रिन्टर रहेको यस केन्द्रको सहयोगमा २४ सै घण्टा प्रकोप एंव विपद आउनु पुर्व तथा विपद पछिका अवस्थामा सुरक्षा निकायलाई परिचालन गर्न मद्धत पुग्ने देखिन्छ । यसवाट जिल्लामा ठुलो खालका विपदका घटना घटेका अवस्थामा विपद प्रभावीतहरुको खोजि तथा उद्धारका साथै प्रभावितहरुको सुचना, समन्वय र राहत वितरण गर्ने कार्यमा सहायता पुग्ने देखिन्छ । जिल्लको समग्र विपद व्यवस्थापन ईकाईको रुपमा रहेको जिल्ला आपतकालीन कार्य संचालन केन्द्र रहेता पनि न्युनतम सामाग्रीहरुको भन्डारण नहुदा द्रुत सेवा दिनका लागी भने यो केन्द्र कमजोर रहेको देखिन्छ । जिल्लाका विपद व्यवस्थापनका लागी भने जिल्ला आपतकालीन कार्य संचालन केन्द्र लाई सक्षम तथा आवश्यक सामाग्रीहरुको थप व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

## १०.१.७ पूर्व तयारी योजना (Preparedness Plan)

| सि.नं. | पूर्व तयारी गतिविधि | जिम्मेवार निकाय | समय सीमा |
|---|---|---|---|
| १ | प्रकोप सम्भावित स्थलहरुको पहिचान प्रभावित हुन सक्ने जनसंख्याको अनुमान गर्ने | जि.वि.स., गा.वि.स., रेडक्रस | तत्काल |
| २ | प्रकोपको अवस्था हेरी गा.वि.स. तथा समुदाय स्तरीय विपद् व्यवस्थापन समितिलाई प्रकोपको अवस्था हेरी सूचना सम्बन्धी सतर्कता अपनाउन जानकारी गराउने | जि.वि.स., साझेदार निकायहरु, जिल्ला आपतकालिन कार्य संचालन केन्द्र | साउन मसान्त |
| ३ | मौसम विज्ञान विभागको मौसम प्रक्षेपणको सूचनालाई स्थानीय एफ.एम, पत्रिका मार्फत सम्प्रेषण गर्ने | एफ एमहरु | निरन्तर |
| ४ | समुदाय तथा गा.वि.स. स्तरका पूर्व सूचना कार्यदलहरुलाई पूर्व सूचना प्रणालीको विषयमा जानकारी गराउने | गै.स.स.हरु | तत्काल |
| ५ | गा.वि.स. स्तरमा रहेका सुरक्षा निकाय र गा.वि.स. सचिवलाई प्रकोप सम्बन्धी पूर्व सूचना सम्प्रेषणको लागि सम्बन्धित निकायहरुबाट जानकारी गराउने । | जि.वि.स., साझेदार निकायहरु, जिल्ला आपतकालिन कार्य संचालन केन्द्र | निरन्तर |
| ६ | विपद्को विषयमा संचारको माध्यमबाट जानकारी गराउने | जिविस, गै.स.स., नेपाल रेडक्रस सोसाइटी | निरन्तर |
| ७ | पहिचान भएका जोखिमयुक्त समुदायलाई पूर्व सूचना प्रसारण गर्ने | जिविस, गै.स.स., नेपाल रेडक्रस सोसाइटी, मिडियाहरु | |
| ८ | विपदको समयमा प्रभावित परिवारको द्रूत सूचना संकलन सम्बन्धी Cluster Member हरुलाई तालिम दिने | गै.स.स.हरु | |
| ९ | बाढी पहिरो, आगलागी, महामारी हुने क्षेत्रको पहिचान गरी प्राकृतिक प्रकोप र गैर प्राकृतिक प्रकोपको घटना हुन सक्ने (Prone Areas) बारेमा प्रचार प्रसार गर्ने गराउने । | जि.वि.स., साझेदार निकायहरु, जिल्ला आपतकालिन कार्य संचालन केन्द्र | निरन्तर |
| १० | जिल्ला गा.वि.स. समुदाय स्तरमा IRA/MIRA Team को गठन र अभिमुखिकरण | स्थानीय निकाय, गै.स.स. | निरन्तर |
